**अनुसूची- २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

जोशीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४ संख्याः २ मितिः २०७७/०२/१९

**भाग-२**

**जोशीपुर गाउँपालिका**

## सामुदायिक क्याम्पस शिक्षण अनुदान वितरण कार्यविधि २०७७

नेपालको संविधान २०७२ को अनुसूची ९,र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ ले दिएको अधिकार कार्यान्वयन गर्नका लागि सामुदायिक क्याम्पसहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने अनुदान वितरण कार्यविधि २०७७ कार्यपालिकाको मिति २०७७/२/.... को बैठकबाट स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

### संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम "सामुदायिक क्याम्पसलाई शिक्षण अनुदान वितरण कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि जोशीपुर गाँउपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्याविधिमा-

(क) "गाउँपालिका" भन्नाले जोशीपुर गाउँपालिकालाई सम्भmनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले जोशीपुर गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले जोशीपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले जोशीपुर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जोशीपुर गाउँपालिकाको प्रशासकीय प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(च) "क्यामपस" भन्नाले नेपालमा प्रचलित कानुनबमोजिम स्थापित विश्वविद्यालयबाट सम्वन्धन प्राप्त जोशीपुर गाँउपालिकामा स्थापना भई संचालन भएका सामुदायिक क्याम्पसलाई सम्झनु पर्छ ।

(छ) "विद्यार्थी" संख्या भन्नाले क्याम्पसबाट प्रमाणित भएबमोजिमका विद्यार्थी संख्यालाई सम्झनु पर्दछ ।

(ज) "नतिजा" भन्नाले सम्बन्धित विश्वविद्यालयले प्रकाशित गरेको विद्यार्थीको परीक्षा नतिजा सम्झनु पर्दछ ।

(झ) "प्राध्यापक र कर्मचारी दरवन्दी" भन्नाले विश्वविद्यालयको क्याम्पसमा नेपाल सरकारबाट प्राप्त दरबन्दी वा अनुदान कोटा र क्याम्पस व्यवस्थापन समितिले निर्धारण गरेको प्राध्यापक र कर्मचारी भन्ने सम्झनु पर्दछ ।

(ट) "क्याम्पस व्यवस्थापन समिति" भन्नाले क्याम्पसको नियमानुसार गठित समितिलाई सम्झिनु पर्दछ ।

(ठ) "प्राध्यापक" भन्नाले क्याम्पसमा अध्यापनरत गराउने स्थायी, अस्थाइ करार आंशिक समेतलाई सम्झनु पर्दछ ।

(ड) "कर्मचारी" भन्नाले सामुदायिक क्याम्पसको नियमानुसार नियुक्त भएका कर्मचारीलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## शिक्षण अनुदान रकम वितरणका मापदण्डहरु

३. क्याम्पसले शिक्षण अनुदान रकमका लागि तहगत र संकायगत नतिजा सहितको निवेदन क्याम्पस व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिकामा पेस गर्नु पर्नेछ ।

४. गाउँपालिकाले क्याम्पस शिक्षाका लागि विनियोजन गरिएको रकम क्याम्पसको बैंक खातामा निकाशा पठाउने छ ।

५. क्याम्पसले शिक्षण अनुदान रकम निकाशा माग गर्दा अघिल्लो आर्थिक वर्षमा निकाशा भएको शिक्षण अनुदान रकमको तलवी भर्पाइ तथा विलहरुको प्रमाणित प्रतिलिपी गाउँपालिकामा पेस गर्नु पर्नेछ ।

६. गाउँपालिकाले क्षिक्षण अनुदान बापत दिएको रकम क्याम्पस व्यवस्थापन समितिको निर्णयका आधारमा कम्तिमा ९०% क्याम्पसमा अध्यापनरत प्राध्यापक तथा कर्मचारीको तलबमा र बढीमा १०% क्याम्पस व्यवस्थापन समितिको निर्णय आधारमा शैक्षिक गुणस्तर सुधारमा खर्च गर्न सकिने छ ।

७. यस गाउँपालिका भित्र संचालित क्याम्पसहरुमा गरिब तथा सामान्य आर्थिक अवस्थाका जनजाति तथा दलित विद्यार्थीको बाहुल्यता रहेकोले उनीहरुको उच्च शिक्षाप्राप्त गर्ने अभिलाषालाई पुरा गर्न हरेक वर्ष अनुदान रकम वृद्धि गरी क्याम्पस सञ्चालनमा गाउँपालिकाले सहयोग पुऱ्याउन सक्ने छ ।

८. गाउँपालिकाले वार्षिक बजेट तर्जुमा गर्दा बस्ने सामाजिक विकास समितिको बैठकमा क्याम्पस व्यवस्थापन समितिको प्रतिनिधिलाई आमन्त्रित गर्न सक्ने छ ।

९. गाउँपालिका भित्रका वडा कार्यालयहरुले पनि यसै कार्यविधिका आधारमा सामुदायिक क्याम्पस शैक्षिक शिक्षण अनुदान रकम दिन सक्ने छन् ।

१०. गाउँ शिक्षा समितिले क्याम्पसलाई दिने शिक्षण अनुदान रकम तथा अन्य विकास योजना विनियोजनका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ ।

## परिच्छेद-३

## विविध

११. सिफारिस गर्नुपर्नेः क्याम्पसलाई दिने शिक्षण अनुदान रकम गाउँ शिक्षा समितिले गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ ।

१२. कार्यविधिको संशोधनः सामुदायिक क्याम्पसलाई शिक्षण अनुदान वितरण कार्यविधि २०७७ को संसोधन आवश्यकता भएको समयमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको सामान्य बहुमतबाट संसोधन गर्न सकिने छ ।

१३. बाधा अड्चन फुकाउन सक्ने : यस कार्यविधिमा उल्लेखित व्यवस्थाको कार्यान्वयन सम्बन्धमा कुनै बाधा अड्चन आई परेको खण्डमा गाउँपालिकाले त्यस्तो बाधा अड्चन फुकाउने छ ।

आज्ञाले,

कमल राज उपाध्याय

प्रमुख प्रशासकीय अधिकृत